# पञ्चकन्या गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### लाकुरीभन्ज्याङ, नुवाकोट
बागमती प्रदेश, नेपाल
स्था:२०७३

प.स. २०७८/०७९

मिति : २०७९/०३/३१

च.न.

**सुचना ! सुचना !! सुचना !!!**

यस पञ्चकन्या गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहनु भएका लाभग्राहीहरुले आ.व.२०७९/८० मा भत्ता लिनको लागि तोकिएको ढाँचामा यहि भाद्र मसान्त भित्र नाम नविकरण गराउनु हुन सबै लाभग्राहीहरुमा अनुरोध छ । नाम नविकरण नगरेका लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नबाट वन्चित हुने हुँदा यथासिघ्र नाम नविकरण गराउनु हुन सबै लाभग्राहीहरुको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**नविकरणको लागि आवश्यक कागजातहरु :**

- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ,
- पासपोर्ट साइजको २ प्रति फोटो ,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको परिचय पत्रको प्रतिलिपि/परिचयपत्र नम्बर,
- बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको प्रमाणपत्रको प्रतिलिपि ,
- अपाङ्गता भएको व्यक्तिको हकमा पालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि,
- असहाय/एकल महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस,
- विवाह नगरी ६० वर्ष उमेर पुरा भएको महिलाको हकमा विवाह नगरेको वडाको सिफारिस ,
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेको ६० वर्ष माथिको हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस ,
- आवश्यकता अनुसार बसाई सराई दर्ता प्रमाणपत्र तथा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि ,

नोट :

- ✓ नविकरणको लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही स्वयम् उपस्थित भई सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्ने छ ।
- ✓ बालवालिका, अपाङ्गता वा आफै उपस्थित हुन नसक्ने लाभग्राहीको हकमा निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछन् ।

बोधार्थ :

श्री वडा कार्यालय सबै, पञ्चकन्या गाउँपालिका, नुवाकोट
आवश्यक प्रचारप्रसार गरी नविकरण गर्नुहुन ।
श्री सुचना प्रविधि शाखा, पञ्चकन्या गाउँपालिका, नुवाकोट ।
पत्र वेवसाईटमा अपलोड गरिदिनुहुन ।

धर्म राज रिमाल
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

अनुसुची — २

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

<u>नाम नवीकरणका लागि दिने दरखास्तको ढाँचा</u>

मितिः...........................

<u>विषयः नाम नवीकरण सम्बन्धमा।</u>

श्री अध्यक्षज्यू,
पञ्चकन्या गाउँपालिका
वडा नं......जिल्ला नुवाकोट, प्रदेश बागमती

प्रस्तुत विषयमा चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि परिचयपत्र नवीकरण गरी दिनु हुन देहायको विवरण सहित निवेदन पेश गरेको छु।
म सरकारी वा सार्वजनिक पदमा नियुक्ति निर्वाचित, मनोनित,भएको व्यक्ति भएको होइन र मैले नेपाल सरकार प्रदेश सरकार र स्थानीय तहको पुर्ण वा आंशिक स्वमित्वमा भएको संगठित स्थाबाट नियमित रुपमा पारिश्रमिक निवृतभरण अवकाश सुबिधा पाएको छैन। व्यहोरा ठिक साँचो हो, झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।
६० वर्ष भन्दा मुनिको विधवा महिला लाभग्राहीको हकमा अर्को विवाह नभएको र सामाजिक सुरक्षा भत्ता पाउन कुनै कानूनले अयोग्य नभएको व्यहोरा प्रमाणित भएको हुनुपर्नेछ।
**लाभग्राहीको विवरणः**

नाम, थरः-　　　　　　　　　　　　　　　　लिङ्गः

लक्षित समुहः　　　　　　　　　　　　　　　सामाजिक सुरक्षा परिचयपत्र नं.

राष्ट्रिय परिचयपत्र नं.　　　　　　　　　　　सम्पर्क मोवाईल नं.ः-

दस्तखतः-　　　　　　　　　　　　　　　　　मितिः

| | |
|---|---|
| | |
| (दायाँ) | (बायाँ) |

## संरक्षक/माथवर/स्याहासुसार गर्ने व्यक्तिको विवरण (बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा)

यस निवेदनमा भएको लाभग्राहीको दस्तखत/सहिछाप मेरो रोहवरमा भएको ठिक साँचो हो। यसमा भएको दस्तखत वा मिति फरक परेमा कानून बमोजिम बुझाउँला भनी सहीछाप गर्ने इच्छाएको व्यक्तीकोः

नाम, थरः- दस्तखतः-
भत्ता प्राप्त गर्ने व्यक्तिसँगको नाताः सम्पर्क मोबाईल नं.
राष्ट्रिय परिचयपत्र नं. नागरिकता प्रमाणपत्र नं.
जारी भएको जिल्लाः- जारी मितिः-

### कार्यालय प्रयोजनको लागि

दर्ता नं.

रुजु गर्ने कर्मचारीको

नाम, थरः- दस्तखतः
पदः मितिः